नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ जेष्ठ महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

**वर्ष-१ अंक-११**

### १. परिचय

राष्ट्रिय बाल अधिकार परिषद् बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा स्थापीत संङ्घीय निकाय हो।यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

### २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

### ३. परिषद्ले २०७८ जेष्ठ महिनामा सम्पादन गरेका कार्यहरू

#### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका उजुरी परेका १४१ जना (बालक ३७ र बालिका १०४) जना बालबालिकाको खोजतलास गरी ६४ जना (बालक १८ र बालिका ४६) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने ७७ जना बालबालिका (बालक १९ र बालिका ५८)को खोजतलास कार्य जारी रहेको छ । २०७७ श्रावण महिनादेखि २०७८ जेष्ठ मसान्तसम्म हराएका ३४०७ (बालक ७९८ र बालिका २६०९) जना बालबालिका मध्ये १९२२ जना बालबालिका (बालक ४७७ र बालिका १४४५) फेला परेका र परिवारमा पुर्नमिलन गराईएको छ भने १४८५ (बालक ३२१ र बालिका ११६४) बालबालिकाको खोजिकार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा ८ जना (बालक २, बालिका ६) बालबालिका फेला परेका थिए । जसमध्ये ३ जना बालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने ५ जना बालबालिका (बालक २ र बालिका ३)लाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।



(ख) यस महिनामा ४४ (बालक ३९ र बालिका ५)जना सडक बालबालिकाको उद्धार गरिएको छ । जसमध्ये ८ (बालक ७ र बालिका १) जनालाई परिवारिक पुनर्मिलन गरिएको छ । यस आर्थिक वर्षको जेष्ठ मसान्तसम्म सडकबाट उद्धार गरिएका जम्मा ३३५ जना (बालक २९१ र बालिका ४४) बालबालिका मध्ये ५६ (बालक ४५ र बालिका ११) जनालाई परिवारमा पुनर्मिलन गरिएको छ र २७९ जना (बालक २४६ र ३३ बालिका) बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १७ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार उदयपुरबाट २, मकवानपुरबाट ४, काठमाडौंबाट ८, सुर्खेतबाट ११, दैलेखबाट २, कैलाली ३, कालिकोटबाट ६, मोरङ १, इलाम १ र सुनसरीबाट ७ जना गरी कूल ४५ जना (बालक १६ र बालिका २९) जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये २१ बालबालिका (बालक ६ र बालिका १५) लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना २४ जना (बालक १२ र बालिका १९) लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ । चालु आ.व.को जेष्ठ मसान्तसम्म कुल ८७९३ जना बालबालिका (बालक ३४०५ र बालिका ५३८८)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचार सहयोग | १५१ | २१९ | ३७० |
| २. | मनोसामाजिक मनोविमर्श | ९६० | १२७८ | २२३८ |
| ३. | पारिवारिक परामर्श | ८७१ | १२९२ | २१६३ |
| ४. | कानूनी परामर्श | १०३ | ४०७ | ५१० |
| ५. | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ५२५ | ७६८ | १२९३ |
| ६. | शैक्षिक सहयोग | २६५ | ५१४ | ७७९ |
| ७. | बाल विवाह रोकथाम सहयोग | ३६ | १७१ | २०७ |
| ८. | आय आर्जन सहयोग | १६ | ४० | ५६ |
| ९. | अन्य सहयोग | ४७८ | ६९९ | ११७७ |
| | जम्मा | **३४०५** | **५३८८** | **८७९३** |

(घ) यस महिनामा ७ प्रदेशका ४४ वटा जिल्लामा संचालनमा रहेका ४५७ वटा बालगृहमा फोन मार्फत सम्पर्क गरी कोभिड महामारीमा बालबालिकाको अवस्थाको जानकारी लिनुका साथै बालगृहमा संरक्षित बालबालिकाको तथ्याङ्क अध्यावधिक गरिएको छ । जसमध्ये २२ वटा बालगृहमा रहेका २५३ जना बालबालिकामा कोभिड पोजेटिभ देखिएको तर अवस्था सामान्य रहेको जानकारी भएको छ । हाल बालगृहमा रहेका बालबालिकाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**बालगृहरुको अध्यावधिक विवरण**

| प्रदेश | जिल्ला | बालगृह | संरक्षित बालक | संरक्षित बालिका | जम्मा |
|---|---|---|---|---|---|
| प्रदेश १ | ७ | २८ | ३२५ | ३०२ | ६२७ |
| प्रदेश २ | ७ | १२ | ७९ | ८७ | 166 |
| बागमति | ११ | ३३२ | ३५७६ | ४५६४ | ८१४० |
| गण्डकी | ६ | ४६ | ६९२ | ६०५ | १२९७ |
| लुम्बिनी | ७ | १७ | २२५ | २३३ | ४५८ |
| कर्णाली | ३ | १० | १७२ | २०४ | ३७६ |
| सूदुरपश्चिम | ३ | १२ | १३३ | १२३ | २५६ |
| **जम्मा** | **४४** | **४५७** | **५२०२** | **६११८** | **११३२०** |

(ङ) मिति २०७८ जेष्ठ ४ गते काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं ८ मिलन टोल स्थित एक जस्ताको टहरामा बिना दर्ता मापदण्ड बिपरित जोखिम अवस्थामा बालबालिका राखेको सूचना आधारमा स्थलगत अनुगमन गरी परिषद्का कर्मचारी, नगरपालिकाको उपप्रमुख एवम् स्थानीय बाल अधिकार समितिका अध्यक्ष, वडाका जनप्रतिनिधि, महिला बालबालिका शाखा, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, स्थानीय प्रहरी र सञ्चारकर्मी समेतको उपस्थितिमा स्वास्थ्यका मापदण्ड सहित ६ बालिका र ४ बालक गरी १० जना र घरेलु हिंसामा परी परिषद्को सम्पर्कमा आएकी १ जना बालिका समेत ११ जना बालबालिका उद्धार गरी अस्थायी संरक्षण प्रवन्ध गरिएको छ ।

(च) मिति २०७८ जेष्ठ २० गते काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं ५ नारायणटार जोरपाटी स्थित एउटा संस्थामा निशेधाज्ञाको समयमा अत्यन्तै समस्या परेको सूचनाको आधारमा स्थलगत अनुगमन गर्दा प्रचलित ऐन तथा मापदण्ड विपरित बालबालिकालाई राखेको पाईएको साथै बालगृह सञ्चालन गर्न सक्ने कुनैपनि आधार समेत नदेखिएकोले परिषद्का कर्मचारी, गोकर्णेश्वर नगरपालिका उपप्रमुख, वडा अध्यक्ष, महिला बालबालिका शाखा

प्रमुख, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, स्थानीय प्रहरी समेतको संयुक्त टोलीले स्वास्थ्यका मापदण्ड सहित ८ जना बालबालिका (बालक ३ र बालिका ५) को उद्धार गरी अस्थायी संरक्षणको प्रवन्ध गरिएको छ ।

(छ) मिति २०७८ जेष्ठ ०५ गते राती ९:३० वजे झापा जिल्लाको विर्तामोड नगरपालिका स्थित पश्चिम बसस्टेन्डबाट बालहेल्पलाईन १०९८ ईलाम र मोरङ्गमा प्राप्त सूचना अनुसार वर्ष १२ का बालक वेवारिसे अवस्थामा रहेको जानकारी प्राप्त भई राष्ट्रिय बाल अधिकार परिषद्को समन्वय र सहजीकरणमा कोभिड-१९ बालबालिका सम्बन्धी स्वंयम्सेवक समूहका सदस्य श्री प्रजेश खनाल समेतको सहयोग र नेपाल प्रहरीको सहयोगमा राती १० बजे उद्धार गरी आपतकालीन संरक्षणको व्यवस्था गरिएको छ।

(ज) मिति २०७८ जेष्ठ १३ गते काठमाडौं जिल्ला कागेश्वरी मनोहरा नगरपालिकाको सम्पर्कमा आइपुगेको अन्दाजी १७-१८ वर्षको वेवारिसे बालकलाई परिषद् र स्थानीय महिला बालबालिका शाखाको समन्वयमा तत्काल उद्धार गरी अस्थायी संरक्षणको प्रवन्ध गरिएको छ । बालकको परिवार आफन्तको खोजी तथा लेखाजोखा गरी थप संरक्षणको व्यवस्थापन गरिने छ ।

(झ) मिति २०७७ फागुन १९ गते झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं ४ बाट हराएका वर्ष १४ का बालक मिति २०७८ जेष्ठ १६ गते भारतको जलपाईगुडी जिल्लाको आमवारी थाना एरियामा फेला परेको जानकारी बालहेल्पलाईन नं.१०९८ ईलाममा प्राप्त भएपश्चात मिति २०७८ जेठ १८ गते राष्ट्रिय बाल अधिकार परिषद्को नेतृत्वमा बाल हेल्पलाईन नं. १०९८ ईलाम, नेपाल प्रहरी बालबालिका खोजतलास समन्वय केन्द्र १०४, इलाका प्रहरी विर्तामोड तथा काकडभिट्टाको सहकार्यमा उद्धार गरी झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी समेतको समन्वयमा काकडभिट्टा ईलाका प्रहरी कार्यालयमा बालकलाई नीजको बुबाको जिम्मा लगाईएको छ ।

(ञ) मिति २०७८ जेठ २९ गते झापा र ईलाम जिल्लाको सिमाना माई नगरपालिका वडा ४ बाट अन्दाजी वर्ष १४ की मानसिक अवस्था ठिक नभएकी नेपाली भाषा बोल्न नसक्ने बालिका वेवारिसे अवस्थामा फेला परेको जानकारी बालहेल्पलाईन नं.१०९८ ईलाममा प्राप्त भएपश्चात राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरणमा बालहेल्पलाईन १०९८ ईलामबाट माई नगरपालिका ईलाम, स्थानीय युवा सशक्तिकरण समूहको सहयोगमा उद्धार गरी विराटनगरमा आपतकालिन संरक्षण प्रदान गरिएको छ ।

(ट) मिति २०७८ जेठ १६ गते हुम्ला जिल्ला दारमा गोरखा घर बताउने १३ वर्षकी बालिकालाई काठमाण्डौं पानी पोखरी स्थित एक घरमा विगत १ महिनादेखि बाल श्रमिकको रुपमा राखेको सूचना प्राप्त भएपश्चात बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मार्फत निज बालिकाको उद्धार गरी पारिवारिक पुनर्मिलन नहुञ्जेलसम्मका लागि कोभिड परीक्षण गरी अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको छ ।

(ठ) मिति २०७८ जेष्ठ ०६ गते बाल हेल्पलाईन १०९८ नेपाल, संखुवासभालाई तेह्रथुम जिल्लाको फेदाप गाउँपालिका वडा नम्बर २ मा एक १६ वर्षिय बालिकाको विवाह हुन लागेको भन्ने जानकारी प्राप्त भएको र सो जानकारी प्राप्त भए पछि तुरुन्तै जिल्ला प्रहरी कार्यालय तेह्रथुम र फेदाप गाउँपालिकासँगको समन्वय र सहयोगमा उक्त बाल विवाह रोकिएको भनिए तापनि पछि पुनः मिति २०७८ जेष्ठ १४ गते प्राप्त सूचना अनुसार उक्त बालिकाको सिन्दुरपोते गरिएको भन्ने जानकारी प्राप्त भए पछि राष्ट्रिय बाल अधिकार परिषद्को समन्वयमा पुनः जिल्ला प्रहरी कार्यालय, तेह्रथुमको सहकार्य तथा सहयोगमा उक्त विवाह रोकिएको छ ।

(ड) मिति २०७८ जेठ १८ गते जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुको समन्वय र सोलुदुधकुन्ड नगरपालिकाको सिफारिसमा बाबुआमा दुवैको मृत्यु भै पारिवारिक संरक्षणमा कठिनाइ परेकी वर्ष ७ कि एक बालिकालाई सुनसरी स्थित एसओएस बालग्राममा संरक्षण पालनपोषण र शिक्षादिक्षाको व्यस्था मिलाइएको छ ।

(ढ) यस महिनामा विशेष संरक्षणको आवश्यकता भएका २ जना बालकलाई आर्थिक सहयोग गरिएको छ जसमध्ये एक बालकलाई क्यान्सर भएको र एक बालकलाई विगत लामोसमयदेखि उपचार गराउँदा पनि रोग पत्ता नलागेर हाल कान्ति बाल अस्पतालमा उपचार गराईरहेको अवस्था छ । यसका साथै राष्ट्रिय बाल संरक्षण प्रणालीको सञ्चालन गर्ने कार्यक्षेत्र अन्तर्गत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा सहयोग गर्ने क्रममा यस आर्थिक वर्षमा बाबुआमाविहीन ६ वटा स्थानीय तहका ७१ जना बालबालिकालाई प्रति बालबालिका ६ हजार रुपैंयाँका दरले आर्थिक सहयोग प्रदान गरिएको छ ।


### ४· समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७८ जेष्ठ २६ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री एवम् राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री चन्दा चौधरीले राष्ट्रिय बाल


अधिकार परिषद्को अध्यक्षको पद बहाली गर्नु भएको छ । राष्ट्रिय बाल अधिकार परिषद् र महिला तथा बालबालिका विभागले संयुक्तरूपमा आयोजना गरेको स्वागत कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय राज्य मन्त्री रेणुका गुरूङज्यूको विशेष आतिथ्यता समेत रहेको कार्यक्रममा मन्त्रालयका श्रीमान् सचिव यामकुमारी खतिवडा लगायत सहसचिव, विभागका महानिर्देशक र परिषद् तथा विभागका कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा परिषद् तथा विभागका तर्फबाट हालसम्म भएका कार्यक्रमको उपलब्धि एवम् आगामी कार्ययोजनाका बारेमा जानकारी सहितको प्रस्तुति भएको थियो ।



(ख) मिति २०७८ जेष्ठ ६ र ९ गते परिषद्ले बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली (CPIMS) को निर्माण तथा आवश्यक परिमार्जनका लागि बालहेल्पलाइन १०९८ नेपाल, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, परिषदमा सूचीकृत अस्थायी संरक्षण सेवा प्रदायक संस्थाहरु, नागरिक संगठन, सञ्जालहरु र युनिसेफ लगायत विकासका साझेदार संस्थाहरुका ७५ जना सहभागीहरुसँग भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । यस कार्यक्रममा सम्बन्धित सरोकारवालाहरुको सुझाव समेत समिटिने गरी परिषद्ले बाल संरक्षण व्यवस्थापन सूचना प्रणाली (CPIMS) को निर्माण तथा परिमार्जन गरिने छ ।




(ग) मिति २०७८ जेष्ठ १४ र २१ गतेका दिन राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा प्रदेश नं. १, लुम्बिनी र कर्णाली प्रदेशभित्र सञ्चालनमा रहेका ४३ वटा आवासीय बालगृहका सञ्चालक तथा पदाधिकारी सहित ५५ जनाको सहभागितामा बालबालिका सम्बन्धी विद्यमान् कानूनी व्यवस्था र बालगृह सञ्चालन सम्बन्धी प्रचलित मापदण्डको बारेमा प्रस्तुतीकरण सहितको भर्चुअल अभिमूखीकरण गोष्ठी सम्पन्न भएको छ । राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेलज्यूको अध्यक्षतामा सञ्चालित गोष्ठीमा कोभिडको प्रभावले भएको निषेधाज्ञा पछि बालगृहमा रहेका बालबालिकाको स्वास्थ्य अवस्था, बालगृहले भोगेको समस्या तथा चुनौतीका बारेमा सहभागीले खुला छलफलका क्रममा राखेको जिज्ञासालाई परिषद्ले सम्बोधन गर्नुका साथै आगामी दिनमा बालगृहले निर्वाह गर्नुपर्ने भूमिका र दायित्वका बारेमा निर्देशन दिईएको छ ।




(घ) मिति २०७८ जेष्ठ ९ गते झापा जिल्ला मेचिनगर नगरपालिका वडा नं.१३ स्थित मिति २०७८ जेठ ७ गते राती १० वर्षिया बालिकालाई डायरिया तथा भोमिटिङ्ग भई उपचारका लागि विर्तामोड स्थित हस्पिटलमा उपचारका लागि लगिएको तर हस्पिटलहरुले एडमिट नगरी अन्य हस्पिटलहरुमा पठाउदा पठाउदै बालिकाको मृत्यू भएको समाचार प्राप्त भए पश्चात राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय बाल अधिकार परिषदबाट स्थलगत अनुगमन भयो । अनुगमनमा सम्बन्धित वडाका वडाध्यक्ष तथा बालिकाको परिवारसँग भेट गरी घटनाको वारेमा जानकारी लिई सो घटनाको सम्बन्धमा झापा जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूलाई ध्यानाकर्षण गराईएको छ । प्रमुख जिल्ला अधिकारीज्यूबाट यो गम्भीर विषयमा तुरुन्त आवश्यक छानविन गर्ने जानकारी गराउनु भयो ।





(ङ) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण पश्चात र निरन्तरको प्रयासमा हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि प्रदेश नं. १ मा ५८, प्रदेश नं. २ मा १५, बागमति प्रदेशमा ३, लुम्बिनीमा ३ र


कर्णाली प्रदेशमा १५ वटा स्थानीय तहमा बाल संरक्षण कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी प्रदेश नं. १ मा २१, प्रदेश नं. २ मा ११, कर्णाली प्रदेशमा १५, बागमति प्रदेशमा ३ र लुम्बिनी प्रदेशमा ३ वटा पालिकामा बाल अधिकार समिति गठन भएको छ । यसका साथै प्रदेश नं. १ मा ५, प्रदेश नं. २ मा ७, बागमति प्रदेशमा ४, लुम्बिनी प्रदेशमा २ र कर्णाली प्रदेशमा ९ वटा स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि प्रदेश नं. १ मा २३, प्रदेश नं. २ मा ७, बागमती प्रदेशमा ७, गण्डकी प्रदेशमा ४, लुम्बिनी प्रदेशमा ३ र कर्णाली प्रदेशमा ११ स्थानीय तहमा बालकोष निर्माण गरी आवश्यकता अनुसार परिचालन भएको छ ।

## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम

(क) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७७ जेष्ठ ३१ गतेसम्म २० वर्षसम्मका ५६ हजार २९ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका १४ हजार ३ सय ६० जना बालबालिका (बालक ८३०६ र बालिका ६०५४) प्रभावित भएको देखिन्छ भने कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना र दोस्रो भेरियन्टका कारण २७ गरी जम्मा ६५ जना बालबालिकाको कोभिडका कारण ज्यान गुमाउनु परेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।





(ख) बालबालिका विपद्, महामारी, हिंसा, दुर्व्यवहार, अभिभावकत्व विहीन, संरक्षकत्व विहीन, विपन्न र बेसाहारा भए पनि यस्ता बालबालिकाको लागि राज्य छ भन्ने अभिप्रायका साथ राष्ट्रिय बाल अधिकार परिषद्ले कोभिड महामारीमा संघ, प्रदेश, स्थानीय तहका निकायहरु, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४), बाल हेल्पलाईन (१०९८), नागरिक संघसंगठन, विकासका साझेदार संस्थाहरु लगायत सेवागर्न इच्छुक संस्था र व्यक्तिहरुसँग समन्वय र सहकार्य गरी दोस्रो भेरियन्ट सहित कोभिडको महामारी सुरु भएदेखि विभिन्न समाचार माध्यमबाट, पत्र मार्फत परिषद् मा जानकारी आएपछि आवश्यकताको अनुगमन र मूल्याङ्कन गरी सेवा प्रवाह गर्दै आईरहेको छ । सोही अनुरुप २०७८ जेष्ठ महिनामा १३९ परिवारका ३११ जना बालबालिका लाभान्वित हुने गरी आवश्यक खाद्यान्न सामग्री उपलब्ध गराइएको छ ।

### बाल हेल्पलाइन मार्फत भएको सहयोग विवरण


| क.सं. | सहयोगको विवरण | लाभान्वित बालबालिका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | आर्थिक अवस्था कमजोर भएका कारण खाध्य सामाग्री वितरण र परामर्श | २०७ | २१२ | ४१९ |
| २ | कोभिड संक्रमित भई आर्थिक अवस्था कमजोर भएकालाइ सहयोग | ८ | ११ | १९ |
| ३ | कोभिडका कारण आमाबाबु गुमाएका बालबालिकालाइ सहयोग | ६ | ३ | ९ |




(ग) २०७८ साल जेष्ठ महिनामा राष्ट्रिय बाल अधिकार परिषद् र प्रदेश सरकारको संयुक्त आयोजनामा बागमति, गण्डकी, लुम्बिनी, सुदूरपश्चिम प्रदेश र प्रदेश नं २ का सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख, ३८२ वटा स्थानीय तहमा कार्यरत बाल कल्याण अधिकारी तथा महिला बालबालिका शाखा प्रमुख, नागरिक संघसंगठनका प्रतिनिधिहरु लगायत ४२३ (पुरुष ५९ र महिला ३६५) जनाको सहभागितामा कोभिड १९ को संक्रमणमा स्थानीय तहमा बाल संरक्षण तथा बाल संवेदनशील सेवा प्रवाह विषयक भर्चुअल अन्तर्क्रिया गोष्ठी सम्पन्न भएको छ। यस कार्यक्रममा कोभिडले बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागिताको क्षेत्रमा पार्न सक्ने प्रभावहरू, प्रभाव न्यूनीकरणका लागि स्थानीय तहमा प्रवाहित हुन सक्ने बाल संवेदनशील सेवाहरूको सञ्चालन, सूचना सम्प्रेषण र समन्वय तथा सहकार्यका साथै परिषद् बाट प्राप्त हुन सक्ने प्रत्यक्ष सहयोग तथा सेवाहरूको विषयमा प्रस्तुतीकरण गरिएको थियो। सोही क्रममा बालबालिकाको संरक्षणका लागि पालिकाले गरेका प्रयास र तयारीको अवस्था जानकारी गराउनुका साथै छलफल भए अनुसारको बाल संवेदनशील सेवा प्रवाहका लागि प्रतिवद्धता समेत व्यक्त भएको छ।




(घ) मिति २०७८ जेष्ठ ०५ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेलज्यूको अध्यक्षता तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री श्री जुली कुमारी महतोज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय बाल अधिकार परिषद् अन्तर्गत गठित कोभिड सङ्कट बालबालिका संरक्षण सहायता स्वयम्सेवी समूहका सदस्यहरूलाई भर्चुअल माध्यमबाट अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कूल १२२ जनाको सहभागिता रहेको कार्यक्रममा कोभिडबाट सङ्क्रमित तथा प्रभावित बालबालिकालाई बालमैत्री सेवा प्रवाहका लागि स्वयम्सेवी समूहको भूमिका तथा सेवा प्रवाह प्रक्रियाको विषयमा जानकारी गराइएको छ।





(ङ) २०७८ जेठ महिनामा राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा कोभिडबाट प्रभावित तथा संक्रमित बालबालिकाको पहिचान, तत्काल बाल संरक्षण तथा बाल संवेदनशील सेवा प्रवाहमा सहयोग तथा सहजीकरणका लागि परिषद् अन्तर्गत गठित कोभिड सङ्कट बालबालिका संरक्षण सहायता स्वयम्सेवी समूह सातवटा नै प्रदेशका १८० जना स्वयम्सेवकहरूलाई भर्चुअल माध्यमबाट अनुशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ। परिषद्का सदस्यज्यूहरुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वयम्सेवी समूहको भूमिका, कार्य प्रवाह प्रक्रिया, आचारसंहिताको विषयमा छलफल हुनुका साथै यूनिसेफ नेपालको तर्फबाट बाल संरक्षण सम्बन्धी घटनाहरूको अनलाइन रिपोर्टिङको विषयमा सहजीकरण गरिएको थियो।




(च) मिति २०७८ जेष्ठ ९ गतेका दिन राष्ट्रिय बाल अधिकार परिषद् र सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतको संयुक्त आयोजनामा कर्णाली प्रदेशमा कार्यरत विकासका साझेदार, गैर सरकारी संस्था र नागरिक संगठनका प्रतिनिधि सहित २६ (पुरुष १६ र महिला १०) जनाको उपस्थितिमा समन्वयात्मक बैठक तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा कोभिड-१९ महामारीको दोस्रो लहरमा नयाँ भेरियन्ट सहितको संक्रमण तीव्रगतिमा फैलिरहेको र यसले बालबालिका र महिलालाई नराम्ररी असर गरेको सन्दर्भमा बालबालिका तथा महिला (गर्भवती, सुत्केरी, स्तनपान गराउने र हिंसा पीडित तथा प्रभावित)को अवस्था, कर्णाली प्रदेशमा विकास साझेदार र गैर सरकारी संस्था तथा नागरिक संगठनहरुले यो संकटमय अवस्थामा गरेका कार्य तथा प्रयासहरु र आगामी दिनमा बाल संरक्षण, सुरक्षा र पीडित तथा प्रभावित


बालबालिकालाई गर्न सक्ने सहयोग र सहकार्यका क्षेत्रहरुहरु र आगामी प्राथमिकताबारे छलफफल गरिएको थियो।




(छ) मिति २०७८ जेष्ठ ०१ गते प्रदेश नं.१ का ५ वटा बालहेल्पलाईन नं.१०९८ द्वारा सञ्चालन गरिएको कोभिड-१९ मा बालबालिकाको विषयमा रेस्पोन्स गर्ने हेल्प डेक्सका १५ जना प्रतिनिधीहरुलाई डेक्सले गर्नुपर्ने कार्यहरुको वारेमा अभिमूखीकरण गरिएको छ। जसमा डेक्सले कोभिडमा बालबालिका माथि पर्ने समस्याहरुको तत्काल प्रतिकार्य गर्ने, सूचनाहरु अद्यावधिक गर्ने, केशहरु व्यवस्थापन र रिफर गर्ने, आवश्यक स्वास्थ्य सामग्रीहरुको व्यवस्थापन गर्ने, प्रचारप्रसार गर्ने गरी कार्य गर्ने विषयमा अभिमूखीकरण गरिएको छ।

## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका २७ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ . ९८४१३८६८७१ म)ो(.
इमेल:- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइट:-www.ncrc.gov.np,
ई-पोर्टल:- www.childrights.gov.np
Facebook:- https://www.facebook.com/ncrc.nepal.5, https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc